पालेर्मो प्रोटोकल

बहुराष्ट्रिय संगठित अपराध विरूद्धको
संयुक्त राष्ट्र संघीय महासन्धि अन्तर्गत मानव बेचबिखन,
खास गरि महिला र बालबालिकाको बेचबिखन तथा
ओसारपसारको रोकथाम, दमन तथा सजाय गर्ने
सम्बन्धमा व्यवस्था भएको पूरक आलेख

जानकारी पुस्तिका

AATWIN
महिला तथा बालबालिका बेचबिखन विरुद्ध सहकर्मी समूह नेपाल (एटविन)

पालेर्मो प्रोटोकल

बहुराष्ट्रिय सङ्गठित अपराध विरूद्धको
संयुक्त राष्ट्र संघीय महासन्धि अन्तर्गत मानव बेचबिखन,
खास गरि महिला र बालबालिकाको बेचबिखन तथा
ओसारपसारको रोकथाम, दमन तथा सजाय गर्ने
सम्बन्धमा व्यवस्था भएको पूरक आलेख

जानकारी पुस्तिका

महिला तथा बालबालिका बेचबिखन विरुद्ध सहकर्मी समूह नेपाल (एटविन)

प्रकाशक :

महिला तथा बालबालिका बेचबिखन विरुद्ध सहकर्मी समूह नेपाल (एटविन)

Alliance Against Trafficking In Woman and Children In Nepal (AATWIN)

बबरमहल, काठमाडौं, नेपाल

सहयोग :

OPPORTUNITY VILLAGE NEPAL
शुभ अवसर ग्राम नेपाल

GOOD SHEPHERD INTERNATIONAL FOUNDATION NEPAL

प्रति : १०००

प्रकाशन मिति : २०८१, जेठ

सर्वाधिकार : प्रकाशकमा

प्राकथन

महिला तथा बालबालिका बेचबिखनविरुद्ध सहकर्मी समूह, नेपाल (एटविन) ले पार्लेमो प्रोटाकल अनुमोदनका लागि सन् २००२ देखि प्रयास गर्दै थियो । पछिल्लो एक दशक देखि यसलाई अभियानकै रुपमा लगेका थियो । संयुक्त राष्ट्रसंघको अन्तर्देशीय संगठित अपराधविरुद्धको महासन्धि अन्तर्गतको आलेख मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाको बेचबिखनलाई रोक्ने, दबाउने र सजाय गर्ने आलेख (प्रोटोकल) सन् २०२० मा अनुमोदन भई क्रियाशील भईसकेको छ । अनुमोदन पश्चात् यसको प्रभावकारी कार्यान्वयन अझ महत्वपूर्ण रहेको छ । यस आलेखको कार्यान्वयनमा नेपाल सरकार, संघसंस्था, नागरिक समाज, बेचबिखनबाट प्रभावित तथा संचार माध्यमको सहकार्य तथा समन्वय आवश्यक छ । आगामी दिनमा आलेखको प्रभावकारी कार्यान्वयनको उद्देश्यले "मानव विशेष गरी महिला तथा बालबालिकाको बेचबिखनलाई रोक्ने, दबाउने र सजायँ गर्ने आलेख (पार्लेमो प्रोटोकल)" विषयक जानकारीमूलक पुस्तिकाको प्रकाशन गरिएको छ । यस पुस्तिकामा सरोकारवालाहरूको लागि यस विषयमा विस्तृत तथा सरल भाषामा जानकारी प्रदान गर्ने प्रयास गरिएको छ । यसले सरोकारवालालाई पार्लेमो प्रोटोकलको प्रावधानहरूलाई प्रयोग गर्न सहयोग गर्नेछ र यसको प्रभावकारी कार्यान्वयनमा टेवा पुऱ्याई मानव बेचबिखिन न्यूनीकरण तथा पीडित/प्रभावितको अधिकार संरक्षणमा सहयोग गर्नेछ ।

पुस्तिका निर्माणमा एटविनको प्रकाशन समितिका सदस्यहरूको योगदान तथा परामर्शदाताको रुपमा सहयोग गरिदिनु भएकोमा अधिवक्ता कपिल अर्याललाई हार्दिक धन्यवाद प्रकट गर्दछु । त्यसैगरी पुस्तकलाई सम्पादनमा सहयोग गर्नु भएकोमा प्रकाशन समितिका सदस्य अनिल अधिकारीलाई धन्यवाद दिन चाहन्छु । एटविनका कार्यकारी निर्देशक बेनु माया गुरुङ तथा एटविनका परियोजना संयोजक बिबेक शर्माको समन्वय र सहयोगकालागि धन्यवाद व्यक्त गर्न चाहन्छु । शुभ अवसरग्राम नेपालको आर्थिक सहयोगका लागि आभार व्यक्त गर्दछु ।

तारा भण्डारी
अध्यक्ष, एटविन

विषयसूची

भाग १

पृष्ठभूमि तथा परिभाषा	१
बहुराष्ट्रिय सङ्गठित अपराध विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि भनेको के हो ?	१
यस महासन्धि अनुसार सङ्गठित अपराध के हो ?	१
नेपाल कानुनअनुसार सङ्गठित अपराध के हो ?	२
व्यक्तिगत र सङ्गठित अपराधको कारवाहीमा के भिन्नता छ ?	४
व्यक्तिगत अपराधको हकमा यस किसिमको व्यवस्था हुदैंन ।	५
मानव बेचबिखन, खास गरी महिला र बालबालिकाको बेचबिखन तथा ओसारपसारको रोकथाम, दमन तथा सजाय गर्ने सम्बन्धमा व्यवस्था भएको पूरक आलेख भनेको के हो ?	६
आलेख भनेको के हो? महासन्धि र आलेखको बीचमा के फरक छ ?	६
पुरक आलेख र ऐच्छिक आलेखको बीचमा के फरक छ ?	७
यो आलेख कहिले देखि शुरु भएको हो ?	७
यो आलेखलाई किन पालेर्मो प्रोटोकल पनि भन्ने गरिन्छ ?	८
बहुराष्ट्रिय सङ्गठित अपराध विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि अन्तर्गतको अन्य आलेखहरू कुन कुन हुन् ?	८
यि मध्ये नेपाल कुन कुनको पक्ष बनेको छ ? नेपालले पालेर्मो प्रोटोकललाई कहिले अनुमोदन गरेको हो ?	८

कुनै सन्धि, महासन्धि वा आलेखको पक्ष राष्ट्र बन्नु भनेको के हो? पक्ष र राष्ट्र भएपछि त्यस्तो राष्ट्रको के कस्तो दायित्व सिर्जना हुन्छ ?	८
नेपालको कानुनी प्रणाली अनुसार अनुमोदन गरेको अन्तराष्ट्रिय कानुनको के कस्तो स्थान र महत्व हुन्छ ?	९
के कस्तो उद्देश्यले पालेर्मो प्रोटोकल आएको हो ?	९
हालसम्म कतिवटा देशले यसलाई अनुमोदन गरेका छन् ?	९

भाग २

पालेर्मो प्रोटोकलले समेटेका विषयवस्तुहरू	१६
पालेर्मो प्रोटोकलले समेटेका विषयवस्तुहरू	१०
पालेर्मो प्रोटोकलले मानव बेचबिखनलाई कसरी परिभाषित गरेको छ ?	१०
के मानव बेचबिखन वा शोषणको लागि पीडितको सहमति थियो भनेर कसूरदारले सजायबाट छुट पाउँछ ?	१०
पालेर्मो प्राटोकलले मानव बेचबिखनलाई अपराधीकरण गर्नुपर्ने सम्बन्धमा कस्तो व्यवस्था गरेको छ ?	११
यो आलेखले मानव बेचबिखन अपराधमा क्षेत्राधिकारको बारेमा के कस्तो व्यवस्था गरेको छ ?	११
आलेखले स्रोत, पारवाहन र गन्तव्य देशको दायित्वको बारेमा के भनेको छ ?	११
पारवहन (ट्रान्जिट) देशको दायित्व	१३
गन्तव्य देशको दायित्व	१३
यो आलेखले मानव बेचबिखन अपराधको अनुसन्धानका लागि सुपुर्दगीको बारेमा कस्तो व्यवस्था गरेको छ ?	१४
यो आलेखले मानव बेचबिखनका प्रभावित तथा साक्षीको सुरक्षाको बारेमा कस्तो व्यवस्था गरेको छ ?	१४

भाग ३

आलेख अनुकूल नेपालको कानुन संशोधनका लागि वकालतका सवालहरू	२२
आलेख अनुकूल नेपालको कानुन	१६
संशोधनका लागि वकालतका सवालहरू	१६
नेपालले सङ्गठित अपराध विरुद्धको महासन्धि र मानव बेचबिखन विरुद्धको पूरक आलेखलाई अनुमोदन गरिसकेको अवस्थामा नेपालको मानव बेचबिखन विरुद्धको कानुनमा के कस्तो सुधार गर्नुपर्ने देखिन्छ ?	१६
यस आलेखको प्रभावकारी कार्यान्वयन किन आवश्यक छ ?	१७
यसको प्रभावकारी कार्यान्वयनका लागि सरकारी निकायको भूमिका के हुन्छ ?	१७
यसको प्रभावकारी कार्यान्वयनका लागि संघसंस्था लगायतका सरोकार वालाको भूमिका के हुन्छ ?	१८
यसको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारको तर्फबाट थप के कस्तो संयन्त्र र व्यवस्था गर्नुपर्ने हुन्छ ?	१९
United Nations Convention against Transnational Organized Crime (UNTOC) Review Mechanism के हो र यसको प्रयोग कसरी गर्न सकिन्छ ?	२०
बहुराष्ट्रिय सङ्गठित अपराध विरुद्को महासन्धिका अन्य पूरक आलेखहरू मानव बेचबिखनको विषयवस्तुसँग कसरी सम्बन्धित छन् ?	२२
सन्दर्भ सामाग्री	२३
पालेर्मो प्रोटोकल अनुमोदनका लागि एटविनको यात्राका केहि झलकहरू	२४
पालेर्मो प्रोटोकल अनुमोदनका लागि एटविनको यात्राका केहि झलकहरू	२५
पालेर्मो प्रोटोकल अनुमोदनका लागि एटविनको यात्राका केहि झलकहरू	२६

भाग १

पृष्ठभूमि तथा परिभाषा

बहुराष्ट्रिय सङ्गठित अपराध विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि भनेको के हो ?

अन्तर्राष्ट्रिय सङ्गठित अपराधको प्रभावकारी रुपमा रोकथाम गर्न र त्यस्तो अपराध विरुद्ध लड्न सदस्य राष्ट्रहरू बीच समन्वय बढाउनको लागि संयुक्त राष्ट्र संघले निर्माण गरेको महासन्धिलाई बहुराष्ट्रिय सङ्गठित अपराध विरुद्धको संयुक्त राष्ट्र संघीय महासन्धि भनिन्छ। यस महासन्धिले अन्तर्राष्ट्रिय सङ्गठित अपराधको गम्भीरता पहिचान गरी उक्त किसिमको अपराधको रोकथाम तथा निर्मूलीकरणको दायित्व अन्तर्राष्ट्रिय रुपमा विभिन्न राष्ट्रहरूको रहने भनी उल्लेख गरेको छ। यस महासन्धिले विश्वव्यापी चुनौतीको रुपमा रहेको अन्तर्राष्ट्रिय सङ्गठित अपराध विरुद्ध लड्न अन्तर्राष्ट्रिय समुदायको राजनीतिक इच्छाशक्ति प्रदर्शन गर्न आव्हान गरेको छ । तसर्थ यस महासन्धिलाई अन्तर्राष्ट्रिय सङ्गठित अपराध विरुद्धको लडाईमा एक प्रमुख कदमको रुपमा लिन सकिन्छ।[१]

यस महासन्धि अनुसार सङ्गठित अपराध के हो ?

अन्तरदेशीय सङ्गठित अपराध सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि, २००० ले सङ्गठित अपराधको परिभाषा नगरी सङ्गठित आपराधिक समूहको परिभाषा गरेको छ । यो महासन्धिका अनुसार तीन वा तीन भन्दा बढी व्यक्तिहरूको संरचनागत समूह रहेको, आर्थिक वा अन्य कुनै लाभका लागि एक वा एक भन्दा बढी गम्भिर प्रकृतिका अपराधमा संलग्न रहेको आपराधिक समूह सङ्गठित आपराधिक समूह हो भनी परिभाषित गरेको छ। यस महासन्धि अनुसार गम्भीर प्रकृतिको अपराधमा कम्तीमा चार वर्ष वा सो भन्दा बढी कैद सजाय हुने अपराध पर्दछ। यस महासन्धिले देहायको चरित्र भएको अपराधलाई सङ्गठित अपराध मानेको छ:[२]

- सङ्गठित समूह
- तीन वा बढी व्यक्तिहरूको संलग्नता
- सङ्गठित समूहको निश्चित समयसम्मको अस्तित्व
- निहित उद्देश्यसँग सम्बन्धित
- कम्तिमा एउटा आपराधिक कार्य सम्पन्न भएको हुनुपर्ने ।

इन्टरपोलले सन् १९९८ मा गरेको एउटा परिभाषा अनुसार सङ्गठित अपराध भन्नाले राष्ट्रिय सीमाना भित्र वा सीमा पारी आर्थिक लाभ प्राप्त गर्ने उद्देश्यले निरन्तर रुपमा गैरकानुनी कार्यमा संलग्न रहने कुनै सङ्गठन वा व्यक्तिहरूको समूह बुझिन्छ।[३]

---

1 *https://www.unodc.org/unodc/en/organized-crime/intro/UNTOC.html*

2 *धारा ३(२), अन्तरदेशीय सङ्गठित अपराध सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि, २०००*

3 *https://www.interpol.int/en/Crimes/Organized-crime*

तसर्थ सङ्गठित अपराधको परिभाषा दिन कठिन देखिन्छ । कुनै अपराध सङ्गठित रहेको भनी नामाकरण गर्न त्यसका अवयव तथा त्यसका उद्देश्य, शैली, प्रभाव तथा संलग्न व्यक्तिहरूको संरचना जस्ता विषयहरूलाई हेर्नुपर्ने विज्ञहरूको भनाई रहेको छ । सङ्गठित अपराध योजना, तयारी, संगठन संजाल, पर्याप्त स्रोत साधन सहित धेरै व्यक्तिहरू मिलेर श्रृंखलाबद्ध रुपमा गरिन्छ । यसको उद्देश्य मूलतः पैसा कमाउने अर्थात् आर्थिक लाभ लिने, प्रसिद्धि हासिल गर्ने, समाजलाई आतङ्कित पार्ने, सामूहिक बदला लिने आदि रहेका हुन्छन् । यस्ता अपराधीहरू सङ्गठित भइ सो आधारमा अपराध गर्ने गर्दछन् । सङ्गठित अपराध देशभित्र र सीमाना पार गरी अन्य मुलुकमा पनि आफ्नो आपराधिक कार्य, संगठन र संजाल विस्तार गर्ने उद्देश्यबाट गरिन्छ ।

नेपाल कानुनअनुसार सङ्गठित अपराध के हो ?

नेपालमा सङ्गठित अपराधलाई निवारण गर्न, विशेष प्रविधि बनाई त्यस्तो अपराधको अनुसन्धान गर्न र सङ्गठित अपराधबाट पीडित तथा साक्षीको संरक्षण गर्नको निमित्त सङ्गठित अपराध निवारण ऐन, २०७० निर्माण भएको छ । सङ्गठित अपराध निवारण ऐन, २०७० ले तीन जना वा सो भन्दा बढी मिलेर गरेको देहायका कसूरलाई सङ्गठित अपराध मानेको छ :[४]

- प्रचलित कानुन बमोजिम तीन वर्षभन्दा बढी कैद सजाय हुने कसूर गरेमा ।
- प्रचलित कानुन बमोजिम भ्रष्टाचार वा सम्पत्ति शुद्धीकरण वा आतंककारी क्रियाकलापमा वित्तीय लगानी मानिने कसूर गरेमा ।
- आपराधिक समूहको स्थापना गरेमा ।
- न्यायिक कारवाहीमा अवरोध गरेमा ।
- विध्वंशात्मक कार्य गरेमा ।
- आपराधिक लाभ लिने कार्य गरेमा ।

आपराधिक समूहको लाभको लागि, आपराधिक समूहको निर्देशनमा, आपराधिक समूहको तर्फबाट, आपराधिक समूहसँग मिलेर वा आपराधिक समूहको संस्थापक सदस्य वा सदस्य भई जानीजानी गरिने गम्भीर अपराध सङ्गठित अपराध हो भनी सङ्गठित अपराध निवारण ऐन, २०७० को दफा ३ उपदफा २ मा उल्लेख गरिएको छ । साथै, ऐनको दफा २ (घ) ले प्रत्यक्ष वा परोक्ष रुपमा सङ्गठित अपराध गर्ने उद्देश्यले नेपालभित्र वा नेपाल बाहिर रहे भएको सङ्गठित वा असङ्गठित तीन वा तीन भन्दा बढी व्यक्तिहरूको समूहलाई आपराधिक समूह मानेको छ ।

यसैगरी प्रचलित कानुन बमोजिम तीन वर्षभन्दा बढी कैद सजाय हुने कसूर, आपराधिक समूहको स्थापना, सङ्गठित अपराधको न्यायिक कारवाहीमा अवरोध, विध्वंसात्मक कार्य, आपराधिक लाभ (एक्सटर्सन) लिने कार्य र प्रचलित कानुन बमोजिम भ्रष्टाचार वा सम्पत्ति

4 *दफा ३(२), सङ्गठित अपराध निवारण ऐन, २०७०*

शुद्धीकरण मानिने र आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसूरलाई गम्भीर अपराध मानेको छ। नेपालमा लागू औषध, हातहतियार, जुवा, मानव बेचबिखन, सम्पत्ति शुद्धीकरण, भ्रष्टाचार, अपहरण, कालोबजारी, मुद्रा अपचलन, आतंकवाद, बैङ्क घोटाला, विष्फोटन जस्ता सङ्गठित अपराध नियन्त्रणका लागि विभिन्न कानुनी व्यवस्था गरिँदै आए पनि यस्ता अपराधहरूलाई सङ्गठित अपराधको रुपमा नियन्त्रण गर्ने प्रयास भने सङ्गठित अपराध निवारण ऐन, २०७० ले गरेको छ।

यो अपराध आफैमा स्वतन्त्र अपराध नभई प्रचलित कानुन विपरीतको तीन वर्ष भन्दा बढी कैद सजाय हुने गम्भीर अपराध, आपराधिक समूहको संलग्नतामा वा आपराधिक समूहको लाभको लागि तीन जना वा सो भन्दा बढी कसूरदार संलग्न भएको अपराध घटित भएकोमा मात्र लागू हुने देखिन्छ। यसैगरी आपराधिक समूहको स्थापना गर्ने, न्यायिक कारबाहीमा अवरोध गर्ने, विध्वंशात्मक कार्य गर्ने, आपराधिक लाभ (एक्सटर्सन) लिने, प्रचलित कानुन बमोजिम भ्रष्टाचार वा सम्पत्ति शुद्धीकरण मानिने र आतङ्ककारी कृयाकलापमा लगानी सम्बन्धी कसूर पनि सङ्गठित अपराधको रुपमा गरिने कसूरको रुपमा मानिएको छ।

सङ्गठित अपराधको निम्न बमोजिमको विशेषता रहेको देखिन्छ :[५]

- सङ्गठित अपराध सम्बन्धी संस्थाको निरन्तरता दिने।
- सङ्गठित अपराध सम्बन्धी संस्थाको तहगत संगठनात्मक संरचना र तह श्रेणीको व्यवस्था गर्ने।
- सदस्यता गोप्य र सीमित रहने।
- आपराधिक क्रियाकलापबाट आर्थिक वा अन्य भौतिक उपलब्धि वा मुनाफा प्राप्त गर्ने।
- अपराधमा हिंसा, दंगा, धाक, धम्की, आक्रमण अभिन्न अंगका रुपमा रहने।
- भ्रष्टाचार वा अनैतिकताबाट शक्ति हासिल गर्ने र नाफा कमाउने।
- भ्रष्ट सरकारी अधिकारी वा पदीय तथा अन्य हैसियतको आधारमा संरक्षकत्व प्राप्त गर्ने।
- आफ्नो उद्देश्य प्राप्त गर्न दक्ष व्यक्ति, अपहरणकर्ता, गोली हान्न निपुण व्यक्ति जस्ता लगायतका विशेषज्ञको सेवा प्राप्त गर्ने।
- अपराधिहरूको अन्य राष्ट्रिय वा अन्तर्राष्ट्रिय सङ्गठनहरूसँग समन्वय, सम्बन्ध र फैलिएको सञ्जाल भएको।
- सार्वजनिक पद धारण गरेका व्यक्ति, राजनीतिक नेता, समाजसेवी मार्फत सहयोग र संरक्षण प्राप्त गर्ने।

---

5 *धाराहरु ३, ५, ६, ८, २३, अन्तरदेशीय सङ्गठित अपराध सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि, २०००*

व्यक्तिगत र सङ्गठित अपराधको कारवाहीमा के भिन्नता छ ?

कुनै कार्य कसूर कायम गर्ने र सजाय गर्ने कार्य राज्यमा निहित रहेको हुन्छ। व्यक्तिगत र सङ्गठित अपराधको कारवाहीको विषयमा चर्चा गर्दा व्यक्तिगत र सङ्गठित अपराध बिचको भिन्नताको बारेमा पनि अध्ययन गर्नुपर्ने हुन्छ। सङ्गठित अपराध हुन सामान्यतया तीन जना वा सो भन्दा बढी व्यक्तिहरूको सङ्गठित समूहले अपराध गरेको हुनुपर्दछ भने व्यक्तिगत अपराधमा एक जना वा बढी व्यक्तिले फौजदारी कानुनले रोक लगाएको कार्य गरेको हुन्छ । आपराधिक समूहको निर्देशनमा, आपराधिक समूहको तर्फबाट, आपराधिक समूहसँग मिलेर श्रृंखलाबद्ध रुपमा सङ्गठित अपराध गरिन्छ भने व्यक्तिगत अपराध व्यक्तिगत रिसइवी, आवेश, द्वेष, लाभका लागि गरिन्छ र एउटा अपराध गरेपछि निरन्तरता नहुन सक्छ। सङ्गठित अपराधलाई अन्तरदेशीय, व्यापक सञ्जालयुक्त र सीमा विहीन अपराधको रुपमा लिइन्छ । त्यसैगरी सङ्गठित अपराध विस्तृत योजना बनाई निर्देशित र नियन्त्रित रुपमा, व्यावसायिक व्यक्तिको संलग्नतामा भिन्न भिन्न कार्य जिम्मेवारी बाँडफाँड गरी गरिन्छ भने व्यक्तिगत अपराधमा सामान्यतया व्यावसायिक र पेशेवर अपराधीको संलग्नता र कार्य जिम्मेवारी प्रष्ट हुँदैन ।

सर्वप्रथमतः सङ्गठित अपराध निवारण ऐन, २०७० को दफा ११ ले भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण र आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी बाहेकका सङ्गठित अपराधको अनुसन्धान कम्तिमा अधिकृतस्तरको प्रहरी कर्मचारीले गर्ने व्यवस्था गरेको छ । सङ्गठित अपराधको अनुसन्धान गर्नको लागि सम्बन्धित विषयको विशेषज्ञ संलग्न रहेको अनुसन्धान टोली गठन गर्न उपयुक्त हुने देखिएमा नेपाल सरकारले महान्यायाधिवक्ता र प्रहरी महानिरीक्षकसँग परामर्श गरी त्यस्तो टोली गठन गर्न सक्नेछ। सङ्गठित अपराधको अनुसन्धान गर्दा आवश्यकता अनुसार नियन्त्रित अनुसन्धान प्रविधि (कन्ट्रोल डेलीभरी) वा गुप्त कारबाही अनुसन्धान (अण्डर कभर अपरेशन) र यस्तै अन्य उपयुक्त अनुसन्धान पद्धति अपनाउन सकिनेछ। नियन्त्रित अनुसन्धान प्रविधि (कन्ट्रोल डेलीभरी) वा गुप्त कारबाही अनुसन्धान (अण्डर कभर अपरेशन) को व्यवस्था व्यक्तिगत अपराधको हकमा गरिदैन ।

सङ्गठित अपराध सम्बन्धी मुद्दामा विदेशी मुलुकको अदालत वा सो मुलुकको आधिकारिक निकायबाट संकलन गरिएका वा परिक्षण गरिएको सबुत प्रमाणलाई अदालतले प्रमाण लिन सक्नेछ। सुराकी, अभियुक्त वा साक्षीको आफ्नै स्वरमा रहेको र सम्पादन, तोडमोड वा परिवर्तन गर्न नसकिने गरी रेकर्ड गरिएको कुनै सामग्री वा फोटोलाई समेत अदालतले प्रमाणको रुपमा ग्रहण गर्न सक्नेछ।

भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण र आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी मुद्दाको कारबाही र टुङ्गो लगाउन नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अदालतलाई र अन्य सङ्गठित अपराध सम्बन्धी मुद्दाको कारबाही र टुङ्गो

लगाउने अधिकार सम्बन्धित जिल्ला अदालतलाई हुनेछ भने व्यवस्था सङ्गठित अपराधको हकमा लागु गरिएको छ ।

सङ्गठित अपराधमा सङ्गठित संस्थालाई हुने सजायको समेत व्यवस्था भएको छ ।[६] कुनै सङ्गठित संस्थाले सङ्गठित अपराध निवारण ऐन बमोजिमको कसूर गरेमा त्यस्तो कसूर गर्ने संस्थाको सम्बन्धित कर्मचारी वा पदाधिकारी जिम्मेवार हुनेछ र त्यस्तो कर्मचारी वा पदाधिकारी पहिचान हुन नसकेमा अपराध हुँदाको बखत सो संस्थाको प्रमुख भई दैनिक कामकाज गर्ने पदाधिकारी जिम्मेवार हुनेछ । सङ्गठित संस्थाले सङ्गठित हैसियतमा निर्णय गरी यस ऐन बमोजिमको कसूर गरेको रहेछ भने त्यस्तो संस्थालाई देहायको कुनै वा सबै सजाय हुनेछ :[७]

- बिगो बमोजिम वा पन्ध्र लाख रुपैयाँमध्ये जुन बढी हुन्छ, सो बमोजिम जरिवाना गर्ने ।
- अवधि तोकी त्यस्तो संस्थालाई सावर्जनिक खरिदमा निषेध गर्ने ।
- अवधि तोकी त्यस्तो संस्थाको उत्पादन वा सेवाको खरिद गर्न रोक लगाउने ।
- हानि नोक्सानीको क्षतिपूर्ति भराउने ।
- संस्थाको इजाजतपत्र खारेज गर्ने ।
- संस्थाको विघटन गर्ने ।

व्यक्तिगत अपराधको हकमा यस किसिमको व्यवस्था हुदैंन ।

सङ्गठित अपराधमा कैद सजाय निलम्बन नगर्ने व्यवस्था रहेको छ र व्यक्तिगत अपराधको हकमा अपराधको गाम्भिर्यता कम भएमा कैद सजाय निलम्बन पनि हुन सक्दछ । व्यक्तिगत अपराधको हकमा अपराधको गाम्भिर्यता कम भएमा अपराधीलाई सुधारगृह तथा पुनर्स्थापना केन्द्रमा पठाउने व्यवस्था रहेको छ भने सङ्गठित अपराधमा संलग्न अपराधीलाई सुधार गृह तथा पुनर्स्थापना केन्द्रमा पठाउने व्यवस्था रहेको छैन । सङ्गठित अपराधमा दोषि ठहर भएका अपराधीलाई प्यारोल (Parole) मा राख्न सक्ने व्यवस्था छैन । अर्थात उनीहरूलाई कैदमा बस्नुपर्ने अवधि पूरा हुन बाँकी रहँदा कै अवस्थामा कैद बाहिरै बसि आफ्नो चालचलन सुधार्ने मौका दिइदैन । सङ्गठित अपराधलाई गम्भीर फौजदारी अपराध मानेको कारणले यस्तो अपराधमा दोषी ठहर भएका अपराधीलाई प्यारोल (Parole) मा राख्ने व्यवस्था नभएको हो । तसर्थ व्यक्तिगत अपराधको कारवाहीको विषयमा फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ लागु हुन्छ र सङ्गठित अपराधको विषयमा फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ र सङ्गठित अपराध निवारण ऐन, २०७० लागु हुन्छ ।

---

6 दफा ४७, सङ्गठित अपराध निवारण ऐन, २०७०

7 ऐजन ।

मानव बेचबिखन, खास गरी महिला र बालबालिकाको बेचबिखन तथा ओसारपसारको रोकथाम, दमन तथा सजाय गर्ने सम्बन्धमा व्यवस्था भएको पूरक आलेख भनेको के हो ?

बहुराष्ट्रिय सङ्गठित अपराध विरुद्धको संयुक्त राष्ट्र संघीय महासन्धि अन्तर्गत रहेको तीन वटा पूरक आलेख मध्ये मानव बेचबिखन, खास गरी महिला र बालबालिकाहरूको बेचबिखन तथा ओसारपसारको रोकथाम, दमन तथा सजाय गर्ने सम्बन्धमा व्यवस्था भएको एक पूरक आलेख हो ।[८]

पूरक आलेखमा महासन्धिमा लेखिएका प्रावधानहरूमा केही थप्नु पर्ने वा प्रष्ट बनाउनु पर्ने भएमा ति कुराहरू थपेर निर्माण गरिएको हुन्छ। यो पुरक आलेखमा मानव बेचबिखन र खास गरी महिला तथा बालबालिकाको बेचबिखन तथा ओसारपसारको रोकथाम तथा दमन सम्बन्धी कार्यलाई प्रभावकारी बनाउनका लागि स्रोत, पारवहन (ट्रान्जिट) र गन्तव्य देशहरूमा एक व्यापक अन्तर्राष्ट्रिय दृष्टिकोण आवश्यक हुने र त्यस्तो दृष्टिकोणले बेचबिखन तथा ओसारपसार रोक्ने, बेचबिखनकर्ता र ओसारपसारकर्तालाई सजाय दिन र मानव बेचबिखन तथा ओसारपसारबाट पीडित भएका व्यक्तिहरूको मानव अधिकारको संरक्षण लगायत सो पीडितको संरक्षणको आवश्यकतालाई प्राथमिकतामा राख्ने कुरा समेटेको छ ।

यस पूरक आलेखले महिला तथा बालबालिकाको बेचबिखन तथा ओसारपसारलाई सम्बोधन गर्न र पीडित तथा प्रभावितको संरक्षणको लागि एक अन्तर्राष्ट्रिय कानुनी दस्तावेजको भूमिका खेलेको छ । साथै, यस आलेखले बहुराष्ट्रिय सङ्गठित अपराध विरुद्धको संयुक्त राष्ट्र संघीय महासन्धिलाई मानव बेचबिखन र खास गरि महिला तथा बालबालिकाको बेचबिखन तथा ओसारपसारको रोकथाम, दमन तथा सजायका सम्बन्धमा बनेको अन्तर्राष्ट्रिय महासन्धि लाई पूर्णता समेत दिएको छ ।

आलेख भनेको के हो? महासन्धि र आलेखको बीचमा के फरक छ ?

अन्तर्राष्ट्रिय कानुनमा आलेखलाई एक प्रकारको कानुनी दस्तावेजको रुपमा लिइन्छ । धेरै अवस्थामा अन्तर्राष्ट्रिय कानुन राम्ररी बुझ्नको निमित्त महासन्धिको र आलेखको संयुक्त बुझाई आवश्यक रहन्छ । आलेखले महासन्धि वा सन्धिलाई पूर्णता समेत प्रदान गर्छन् । आलेखको धेरै किसिमहरू रहेका छन् । उदाहरणको लागि: कुनै आलेख सन्धि वा महासन्धिको कार्यान्वयनको निमित्त नै बनाइएको हुन्छ, कुनै आलेखले सन्धि वा महासन्धिमा उल्लेख भएका प्रावधानहरूको व्याख्यात्मक टिप्पणी प्रदान गर्छ, कुनै आलेखले महासन्धि वा सन्धिमा संशोधन गर्छ, कुनै आलेखमा सन्धि वा महासन्धिको पूरक प्रावधानहरू समेत उल्लेख गरिन्छ ।[९]

---

8 *अन्तरदेशीय सङ्गठित अपराध सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि, २०००*

9 *https://treaties.un.org/Pages/Overview.aspx¿path=overview/definition/page1_en.xml*

महासन्धि र आलेख दुवै नै अन्तर्राष्ट्रिय कानुनी दस्तावेज हुन् । महासन्धिले सम्पूर्ण अन्तर्राष्ट्रिय सम्झौतालाई जनाउँछ भने आलेख महासन्धिका प्रावधानलाई थप गर्ने वा प्रष्ट पार्ने प्रयोजनले ऐच्छिक वा पूरकको रुपमा ल्याइएको हुन्छ । अहिलेको परिवेशमा महासन्धिलाई धेरै राज्य पक्षहरू बिचको बहुपक्षीय सम्झौताको रुपमा बुझिन्छ ।[१०]

महासन्धिले आलेखको व्याख्या गर्ने व्यवस्था रहेको छैन तर आलेखले महासन्धिको प्रावधानहरू स्पष्ट पार्ने, व्याख्या गर्ने, समयानुल संशोधन गर्ने र पूर्णता समेत प्रदान गर्दछ । तसर्थ अन्तर्राष्ट्रिय कानुनमा दुबै महासन्धि र आलेखलाई महत्वपूर्ण रुपमा हेरिन्छ ।

पुरक आलेख र ऐच्छिक आलेखको बीचमा के फरक छ ?

पूरक आलेख नामले नै मुख्य महासन्धिलाई पूर्णता दिनको लागि निर्माण भएको भनि मान्न सकिन्छ र यसलाई महासन्धिसँगै व्याख्या गर्ने गरिन्छ । कहिले काही पूरक आलेखले महासन्धिका व्यवस्थाहरूमा समेत आवश्यक हेरफेर गर्न सक्ने भएकोले महासन्धिलाई पूरक आलेखसँगै अलग गरेर हेर्न मिल्दैन । उदाहरण: बहुराष्ट्रिय सङ्गठित अपराध विरुद्धको संयुक्त राष्ट्र संघीय महासन्धि अन्तर्गत मानव बेचबिखन, खास गरि महिला र बालबालिकाको बेचबिखन तथा ओसारपसारको रोकथाम, दमन तथा सजाय गर्ने सम्बन्धमा व्यवस्था भएको पूरक आलेख । यो आलेखले महासन्धि मा नभएको कुरा थप गरेको छ ।[११]

ऐच्छिक आलेख भनेको सन्धिमा थप अधिकार र दायित्वहरू स्थापित गर्ने एउटा साधन हो । यो महासन्धिको प्रावधानबाट स्वतन्त्र किसिमको हुन्छ र यस्तो आलेखको स्वतन्त्र अनुमोदनको समेत आवश्यकता पर्दछ । यस किसिमको आलेखले सन्धि वा महासन्धिमा उल्लेखित दायित्व भन्दा थप दायित्वको सृजना गर्दछ । तसर्थ सन्धि वा महासन्धिका सम्पूर्ण पक्ष राष्ट्रले थप दायित्व स्वीकार गर्न नचाहेमा ऐच्छिक आलेख अनुमोदन नगर्न पनि सक्छन् । तसर्थ, ऐच्छिक आलेख अनुमोदन गर्ने राज्य पक्ष र अनुमोदन नगर्ने राज्य पक्षका बिच थप दायित्वमा भिन्नता रहन सक्छ ।[१२]

यो आलेख कहिले देखि शुरु भएको हो ?

मानव बेचबिखन, खास गरी महिला र बालबालिकाको बेचबिखन तथा ओसारपसारको रोकथाम, दमन तथा सजाय गर्ने सम्बन्धमा व्यवस्था भएको पूरक आलेख सन् २००० को अक्टोबरमा तयार भएको हो र संयुक्त राष्ट्र संघको साधारण सभाले सन् २००० को १५ नोभेम्बरमा यस आलेखलाई पारित गरेको थियो । यस पूरक आलेखलाई सन् २००० डिसेम्बरमा इटालीको पालेर्मोमा हस्ताक्षरका लागि खुला गरिएको थियो । अन्तिममा यो पूरक आलेख २००३ को डिसेम्बर २५ देखि कार्यान्वयनमा आएको हो ।[१३]

---

10 ऐजन

11 ऐजन

12 ऐजन

13 https://www.unodc.org/documents/treaties/UNTOC/Publications/TOC%20Convention/TOCebook-e.pdf

यो आलेखलाई किन पालेर्मो प्रोटोकल पनि भन्ने गरिन्छ ?

मानव बेचबिखन, खास गरी महिला र बालबालिकाको बेचबिखन तथा ओसारपसारको रोकथाम, दमन तथा सजाय गर्ने सम्बन्धमा व्यवस्था भएको पूरक आलेखलाई सन् २००० डिसेम्बरमा इटालीको पालेर्मो भन्ने शहरमा हस्ताक्षरका लागि खुला गरिएको कारण उक्त आलेखको नाम पालेर्मो प्रोटोकल रहेको हो ।[१४]

बहुराष्ट्रिय सङ्गठित अपराध विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि अन्तर्गतको अन्य आलेखहरू कुन कुन हुन् ?

बहुराष्ट्रिय सङ्गठित अपराध विरुद्धको संयुक्त राष्ट्र संघीय महासन्धि अन्तर्गत निम्न बमोजिमका तीनवटा आलेखहरू रहेका छन् :[१५]

- मानव बेचबिखन, खास गरि महिला र बालबालिकाको बेचबिखन तथा ओसारपसारको रोकथाम, दमन तथा सजाय गर्ने सम्बन्धमा व्यवस्था भएको पूरक आलेख ।
- भूमि, समुन्द्र र हवाई मार्गबाट हुनसक्ने आप्रवासीहरूको तस्करी विरुद्धको पूरक आलेख ।
- हातहतियार, तिनका भाग लगायत अरु पाटपूर्जाहरू र गोलाबारुदको अवैध निर्माण तथा ओसारपसार विरुद्धको पूरक आलेख ।

यि मध्ये नेपाल कुन कुनको पक्ष बनेको छ ? नेपालले पालेर्मो प्रोटोकललाई कहिले अनुमोदन गरेको हो ?

नेपाल बहुराष्ट्रिय सङ्गठित अपराध विरुद्धको संयुक्त राष्ट्र संघीय महासन्धि अन्तर्गत मानव बेचबिखन, खास गरी महिला र बालबालिकाको बेचबिखन तथा ओसारपसारको रोकथाम, दमन तथा सजाय गर्ने सम्बन्धमा व्यवस्था भएको पूरक आलेख अर्थात पालेर्मो प्रोटोकलको पक्ष बनिसकेको छ । नेपालको संघीय संसदको राष्ट्रिय सभाबाट मिति २०७६/१०/०५ मा र प्रतिनिधि सभाबाट मिति २०७६/११/२९ मा पालेर्मो प्रोटोकलको अनुमोदन भएको थियो ।

कुनै सन्धि, महासन्धि वा आलेखको पक्ष राष्ट्र बन्नु भनेको के हो? पक्ष राष्ट्र भएपछि त्यस्तो राष्ट्रको के कस्तो दायित्व सिर्जना हुन्छ ?

कुनै सन्धि, महासन्धि वा आलेखको पक्ष राष्ट्र बन्नुको अर्थ उक्त राज्यको तर्फबाट राष्ट्रप्रमुख, सरकार प्रमुख, परराष्ट्र मन्त्री वा निजहरूले कसैलाई कुनै सन्धि, महासन्धि वा आलेखमा हस्ताक्षर गर्ने पूर्णाधिकार दिएको परिप्रेक्ष्यमा उक्त अधिकारीले सन्धि, महासन्धि वा आलेखको पक्ष राष्ट्र बन्न हस्ताक्षर गरी उक्त राष्ट्रको कानुनी प्रकृया पुरा

14 *ऐजन*
15 *ऐजन*

गरी सो सन्धि, महासन्धि वा आलेखलाई अनुमोदन, स्वीकृति वा समर्थन गरी राष्ट्रिय कानुन सरह पहिचान गर्नु हो ।

पक्ष राष्ट्र भइसकेपछि राष्ट्रले सो सन्धि, महासन्धि वा आलेखलाई राष्ट्रिय कानुन सरह लागू गर्नुपर्ने, महासन्धिको घरेलुकरणको लागि कानुनी, प्रशासनिक, न्यायिक लगायतका संस्थागत तथा कानुनी संरचनाहरूको व्यवस्थापन गर्नुपर्ने, सन्धि, महासन्धि वा आलेखको कार्यान्वयन गर्नुपर्ने, उक्त सन्धि, महासन्धि वा आलेखमा उल्लेखित सामान्य तथा पृथक दायित्वको निर्वाह गर्नुपर्ने र आवश्यकता अनुसार संयुक्त राष्ट्र संघलाई कार्यान्वयन अवस्था विषयक प्रारम्भिक प्रतिवेदन र आवधिक प्रतिवेदन समेत बुझाउनुपर्ने हुन्छ ।

नेपालको कानुनी प्रणाली अनुसार अनुमोदन गरेको अन्तराष्ट्रिय कानुनको के कस्तो स्थान र महत्व हुन्छ ?

नेपालको परिप्रेक्ष्यमा सन्धिको विषयमा नेपाल सन्धि ऐन, २०४७ आकृष्ट हुन्छ । नेपाल सन्धि ऐन, २०४७ को दफा ९ उपदफा १ मा व्यवस्थापिका-संसद्बाट अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन भई नेपाल वा नेपाल सरकार पक्ष भएको कुनै सन्धिको कुरा प्रचलित कानूनसँग बाझिएमा सो सन्धिको प्रयोजनको लागि बाझिएको हदसम्म प्रचलित कानुन अमान्य हुनेछ र तत्सम्बन्धमा सन्धिको व्यवस्था नेपाल कानुन सरह लागू हुनेछ भनी उल्लेख भएको छ । तसर्थ, नेपालको कानुनी प्रणाली अनुसार अनुमोदन भएको अन्तर्राष्ट्रिय कानुनले नेपाल कानुन सरहको स्थान र महत्व प्राप्त गर्दछ ।

के कस्तो उद्देश्यले पालेर्मो प्रोटोकल आएको हो ?

पालेर्मो प्रोटोकललाई ल्याउनुको उद्देश्य निम्न बमोजिम रहेको छ :[१६]

- महिला तथा बालबालिका माथि विशेष ध्यान दिदै मानव बेचबिखन तथा ओसारपसारको रोकथाम गर्ने तथा प्रतिरोध गर्न ।
- बेचबिखन तथा ओसारपसारबाट पीडित भएकाहरूको मानव अधिकारको सम्मान र संरक्षण गर्ने साथै सहायता प्रदान गर्न ।
- उपर्युक्त उद्देश्यहरू पूरा गर्नका लागि राज्य पक्षहरू बिच सहयोग गर्नको निमित्त ।

हालसम्म कतिवटा देशले यसलाई अनुमोदन गरेका छन् ?

सन् २०२४ को अप्रिल महिना सम्ममा १८२ वटा राष्ट्रले पालेर्मो प्रोटोकल अनुमोदन गरेका छन् ।[१७]

***

16 *धारा २, पालेर्मो प्रोटोकल ।*

17 *https://treaties.un.org/pages/ViewDetails.aspx¿src=TREATY&mtdsg_no=XVIII-12-a&chapter=18&clang=_en*

भाग
२

पालेर्मो प्रोटोकलले समेटेका विषयवस्तुहरू

पालेर्मो प्रोटोकलले मानव बेचबिखनलाई कसरी परिभाषित गरेको छ ?

पालेर्मो प्रोटोकलले मानव बेचबिखन तथा ओसारपसारको संयुक्त परिभाषा दिएको छ। पालेर्मो प्रोटोकलको धारा ३ (क) मा "मानव बेचबिखन तथा ओसारपसार" भन्नाले शोषण गर्ने उद्देश्यले धम्की वा बलको प्रयोग वा अन्य प्रकारको करकाप, अपहरण, धोकाधडी, झुक्यान, शक्ति वा नाजुक परिस्थितिको दुरुपयोग वा भुक्तानी वा लाभको लेनदेनको माध्यमबाट अर्को व्यक्तिमाथि नियन्त्रण भएको व्यक्तिको सहमति प्राप्त गर्न व्यक्तिहरूको भर्ति, ओसारपसार, स्थानान्तरण, आश्रय दिने वा प्राप्त गर्ने काम सम्झनुपर्छ भनी उल्लेख भएको छ।

साथै पालेर्मो प्रोटोकलले "शोषण" भन्नाले न्यूनतम रुपमा अरुको वेश्यावृत्तिको शोषण वा अन्य स्वरुपका यौन शोषण, जवर्जस्ती श्रम वा सेवामा लगाउने काम, दासता वा दासता सरहका अभ्यास, बाँधा बनाउने वा मानव अंग झिक्ने काम समेतलाई जनाउँछ भनी मानव बेचबिखन तथा ओसारपसारको परिभाषालाई अझ प्रष्ट पारेको छ।

पालेर्मो प्रोटोकलले धारा ३(ग) ले धम्की वा बल प्रयोग वा अन्य प्रकारको करकाप, अपहरण, धोका, अख्तियारको दुरुपयोग वा नाजुक अवस्थामा रहेको स्थिति वा भुक्तानी वा लाभको लेनदेनको माध्यमको उपयोग बिना भएको भएतापनि शोषणको प्रयोजनको लागि कुनै बालबालिकाको भर्ति, ओसारपसार, स्थानान्तरण, आश्रय दिने वा प्राप्त गर्ने काम "मानव बेचबिखन तथा ओसारपसार" मानिने छ भनी उल्लेख गरेकोले अठार वर्ष उमेर नपुगेका व्यक्तिको हकमा मानव बेचबिखन तथा ओसारपसारको परिभाषालाई थप प्रस्ट एवम् संवेदनशील बनाएको छ।

के मानव बेचबिखन वा शोषणको लागि पीडितको सहमति थियो भनेर कसूरदारले सजायबाट छुट पाउँछ ?

पालेर्मो प्रोटोकलले धारा ३(ख) मा शोषणको लागि धम्की वा बल प्रयोग वा अन्य प्रकारको करकाप, अपहरण, धोका, अख्तियारको दुरुपयोग वा नाजुक अवस्थामा रहेको स्थिति वा भुक्तानी वा लाभको लेनदेनको माध्यम प्रयोग भएमा पीडितले दिएको सहमति असान्दर्भिक हुन्छ वा पीडितले दिएको सहमतिलाई सहमति मान्न नमिल्ने कुरा उल्लेख छ। त्यसैले मानव बेचबिखनको कसूरदारले बेचिनको लागि वा अन्य प्रकारले शोषित हुनको लागि पीडितले नै सहमति जनाएको थियो भनेर सजायमा कुनै प्रकारको छुट वा घटि सजाय हुँदैन।

पालेर्मो प्राटोकलले मानव बेचबिखनलाई अपराधीकरण गर्नुपर्ने सम्बन्धमा कस्तो व्यवस्था गरेको छ ?

पालेर्मो प्रोटोकलको धारा ५ मा मानव बेचबिखन तथा ओसारपसारको अपराधिकरणको बारेमा उल्लेख भएको छ। धारा ५ को उपधारा १ मा प्रत्येक राज्य पक्षले प्रोटोकलमा उल्लेखित मानव बेचबिखन तथा ओसारपसारको व्याख्यालाई मनसायपूर्वक स्वीकारेको अवस्थामा उक्त किसिमको कसूरलाई फौजदारी कसुरको रुपमा स्थापित गर्न आवश्यक हुन सक्ने कानुनी र अन्य उपायहरू अवलम्बन गर्नुपर्ने, राज्य पक्षले उक्त किसिमको कामलाई फौजदारी कसुरको रुपमा कायम गर्न आवश्यक हुने कानुनी र अन्य उपायहरू समेत अवलम्बन गर्नुपर्ने भनी व्यवस्था गरेको छ। साथै राज्यले आफ्नो कानुनी प्रणालीमा पालेर्मो प्रोटोकलमा उल्लेख भएको मानव बेचबिखन तथा ओसारपसारको व्याख्या बमोजिम कसूर गर्ने उद्योग गरेको, मतियार भई सहयोग गरेको र उक्त किसिमको कसुर गर्न अन्य व्यक्तिलाई सङ्गठित गरेको वा निर्देशन दिएको कार्यलाई समेत अपराधीकरण गर्नुपर्ने व्यवस्था गरेको छ।

यो आलेखले मानव बेचबिखन अपराधमा क्षेत्राधिकारको बारेमा के कस्तो व्यवस्था गरेको छ ?

पालेर्मो प्रोटोकलको धारा ४ मा क्षेत्राधिकारको बारेमा उल्लेख भएको छ। यो प्रोटोकलको धारा ४ अनुसार प्रोटोकलमा अन्यथा उल्लेख भएकोमा बाहेक मानव बेचबिखन तथा ओसारपसारमा संलग्न, कसुर गर्ने उद्योग गर्ने, कसुरमा मतियार भई सहयोग गर्ने र कसुर गर्न अन्य व्यक्तिलाई सङ्गठित गर्ने वा निर्देशन दिने बहुराष्ट्रिय प्रकृतिका तथा सङ्गठित अपराधिक समूहको संलग्नता भएका कसुरको रोकथाम, अनुसन्धान र अभियोजन तथा त्यस्ता कसुरहरूबाट पीडितहरूको संरक्षणका सम्बन्धमा यो आलेख लागू हुने व्यवस्था रहेको छ। यो आलेखले पक्ष राष्ट्रलाई आफ्ना नागरिक वा गैरनागरिक जोसुकैले आफ्नो सीमाक्षेत्र भित्र गरेका तथा आफ्ना नागरिकले अन्य देशमा बसी गरेका मानव बेचबिखनका अपराधलाई अनुसन्धान र अभियोजन गर्न सक्नेगरी क्षेत्राधिकार बिस्तार गरी कानुन निर्माण गर्नलाई आव्हान गरेको छ।

आलेखले स्रोत, पारवाहन र गन्तव्य देशको दायित्वको बारेमा के भनेको छ ?

आलेखमा स्रोत, पारवहन र गन्तव्य देशको दायित्वको बारेमा पनि उल्लेख भएको छ। आलेखले स्रोत राष्ट्रको दायित्वको रुपमा निम्न व्यवस्थाहरू गरेको छ :

- आफ्नो नागरिक वा आफ्नो भूभागमा स्थायी बसोबासको अधिकार प्रयोग गरिरहेको व्यक्ति मानव बेचबिखन तथा ओसारपसारबाट पीडित भएमा निजहरूको सुरक्षामा उचित ध्यान दिई त्यस्तो व्यक्तिलाई अनुचित वा अनावश्यक विलम्ब बिना फिर्ता ल्याउन सहजीकरण गर्ने र स्वीकार गर्नुपर्ने।

- गन्तव्य देशले श्रोत देशलाई मानव बेचबिखन तथा ओसारपसारको पीडितको उक्त देशको नागरिक रहेको वा नरहेको वा स्रोत राष्ट्रमा निज पीडितको स्थायी बसोबास रहेको वा नरहेको भनी जानकारी माग्दा निजहरूको विवरण अनुचित वा अनावश्यक विलम्ब बिना यकिन गर्नुपर्ने ।
- गन्तव्य देशको अनुरोधमा श्रोत देशले आफ्नो नागरिक वा आफ्नो भू-भागमा स्थायी बसोबासको अधिकार प्रयोग गरिरहेको व्यक्तिलाई गन्तव्य देशमा यात्रा गर्न र पुनः प्रवेश गर्ने व्यक्तिलाई आवश्यक भए बमोजिमका यात्रा अनुमतिपत्र वा अन्य आवश्यक अख्तियारी जारी गर्न मञ्जुर गर्नेछ ।
- मानव बेचबिखन तथा ओसारपसारलाई अपराधिकरण गनुपर्ने । मानव बेचबिखन तथा ओसारपसार गर्नको निमित्त उद्योग गरेको, मतियार भइ सहयोग गरेको र सो कसुर गर्न अन्य व्यक्तिलाई निर्देशन दिएको वा सङ्गठित गरेको कार्यलाई पनि अपराधिकरण गर्नुपर्ने ।
- कानुनी वा प्रशासनिक प्रणालीमा मानव बेचबिखन तथा ओसारपसारका पीडितहरूलाई संरक्षण प्रदान गर्नुपर्ने र कानुनी कारवाहीहरू गोप्य बनाई त्यस्तो बेचबिखन तथा ओसारपसारका पीडितहरूको गोपनियता र परिचयको संरक्षण गर्नुपर्ने ।
- मानव बेचबिखन तथा ओसारपसारका पीडितहरूलाई सम्बद्ध अदालती तथा प्रशासकीय कारबाहीहरूको जानकारी प्रदान गर्नुपर्ने ।
- मानव बेचबिखन तथा ओसारपसारका पीडित आफ्नो भू-भागभित्र रहँदा निजहरूलाई भौतिक सुरक्षा प्रदान गर्ने,
- गैरसरकारी संस्था, अन्य सम्बद्ध संस्था र नागरिक समाजका विभिन्न पक्षहरूसँगको सहयोगमा मानव बेचबिखन तथा ओसारपसारका पीडितहरूका लागि भौतिक, मनोवैज्ञानिक तथा सामाजिक पुनर्स्थापना प्रदान गर्ने,
- भौतिक, मनोवैज्ञानिक तथा सामाजिक पुनर्स्थापना प्रदान गर्ने व्यवस्था अन्तर्गत आवासको उपयुक्त व्यवस्था मिलाउने, परामर्श सेवा र खास गरी मानव बेचबिखन र ओसारपसारका पीडितले बुझ्न सक्ने भाषामा निजहरूको कानुनी अधिकार सम्बन्धी जानकारी गराउने, चिकित्सकीय, मनोवैज्ञानिक तथा भौतिक सहायता उपलब्ध गराउने र रोजगारी, शिक्षा र तालीमका अवसरहरू प्रदान गर्नुपर्ने ।
- कानुनी प्रणालीमा मानव बेचबिखन तथा ओसारपसारका पीडितहरूलाई निजहरूले भोगेको क्षति वापत क्षतिपूर्ति प्राप्त गर्ने सम्भावना रहने विषय सुनिश्चित गर्ने र पीडितलाई पुनः पीडित हुने कामबाट संरक्षण गर्न राज्य पक्षहरूले व्यापक नीति, कार्यक्रम तथा अन्य उपायहरूको व्यवस्था गर्नुपर्ने ।
- मानव बेचबिखन तथा ओसारपसारको रोकथाम गर्न तथा त्यस्ता घटना पत्ता लगाउन आवश्यक भए बमोजिम सिमाना नियन्त्रणलाई सुदृढ गर्नुपर्ने ।

- मानव बेचबिखन तथा ओसारपसारमा संलग्न रहेको व्यक्तिलाई आफ्नो कानुन बमोजिम प्रवेश अनुमति दिन अस्वीकार गर्ने वा प्रवेश निषेध गर्ने वा भिसा रद्द गर्ने गरी उपायहरू अपनाउन विचार गर्नुपर्ने ।
- अरु देशहरूसँग सञ्चारको प्रत्यक्ष सम्बन्ध स्थापना गर्न र त्यसलाई कायम राखी सिमा नियन्त्रण निकायहरू बीचको सहयोग सुदृढीकरणका लागि विचार गर्नुपर्ने ।

पारवहन (ट्रान्जिट) देशको दायित्व

- मानव बेचबिखन तथा ओसारपसारका पीडित आफ्नो भू-भागभित्र रहँदा निजहरूलाई भौतिक सुरक्षा प्रदान गर्नुपर्ने ।
- मानव बेचबिखन तथा ओसारपसारको रोकथाम गर्न तथा त्यस्ता घटना पत्ता लगाउन आवश्यक भए बमोजिम सिमाना नियन्त्रणलाई सुदृढ गर्नुपर्ने ।
- मानव बेचबिखन तथा ओसारपसारमा संलग्न रहेको व्यक्तिलाई आफ्नो कानुन बमोजिम प्रवेश अनुमति दिन अस्वीकार गर्ने वा प्रवेश निषेध गर्ने वा भिसा रद्द गर्ने गरी उपायहरू अपनाउन विचार गर्नुपर्ने ।
- अरु देशहरूसँग सञ्चारको प्रत्यक्ष सम्बन्ध स्थापना गर्न र त्यसलाई कायम राखी सिमा नियन्त्रण निकायहरू बीचको सहयोग सुदृढीकरणका लागि विचार गर्नुपर्ने ।

गन्तव्य देशको दायित्व

- मानव बेचबिखन तथा ओसारपसारका पीडितहरूलाई आफ्नो देशमा स्थायी वा अस्थायी रुपमा रहने अनुमति दिने गरी कानुनी वा अन्य उपयुक्त उपायहरू अपनाउने र सो कार्य गर्दा मानवीय तथा सहानुभूतिपूर्ण व्यवहार गर्ने कुरालाई ध्यानमा राख्नुपर्ने ।
- मानव बेचबिखन तथा ओसारपसार पीडितलाई स्रोत देशमा फिर्ता पठाउँदा सो फिर्ता पठाउने कामले निजको सुरक्षा तथा मानव बेचबिखन तथा ओसारपसारबाट त्यस्तो व्यक्ति पीडित रहेको तथ्यसँग सम्बन्धित कुनै पनि कानुनी कारवाहीको हैसियत उपर उचित ध्यान दिने र त्यस्तो काम स्वेच्छापूर्वक हुनुपर्ने ।
- गन्तव्य देशको कुनै आन्तरिक कानुनबमोजिम मानव बेचबिखन तथा ओसारपसारबाट पीडित व्यक्तिलाई प्रदान गरिएका कुनै पनि कुराले प्रतिकूल असर नपार्ने वातावरण सृजना गर्नुपर्ने ।
- मानव बेचबिखन तथा ओसारपसार पीडितको फिर्ता गर्ने कार्यलाई पूर्ण वा आंशिक रुपमा नियमन गर्नुपर्ने ।
- मानव बेचबिखन तथा ओसारपसारका पीडित आफ्नो भू-भागभित्र रहँदा निजहरूलाई भौतिक सुरक्षा प्रदान गर्नुपर्ने ।
- मानव बेचबिखन तथा ओसारपसारको रोकथाम गर्न तथा त्यस्ता घटना पत्ता लगाउन आवश्यक भए बमोजिम सिमाना नियन्त्रणलाई सुदृढ गर्नुपर्ने ।

- मानव बेचबिखन तथा ओसारपसारमा संलग्न रहेको व्यक्तिलाई आफ्नो कानुन बमोजिम प्रवेश अनुमति दिन अस्वीकार गर्ने वा प्रवेश निषेध गर्ने वा भिसा रद्द गर्ने गरी उपायहरू अपनाउन विचार गर्नुपर्ने ।
- अरु देशहरूसँग सञ्चारको प्रत्यक्ष सूत्र स्थापना गर्न र त्यसलाई कायम राखी सीमा नियन्त्रण निकायहरू बीचको सहयोग सुदृढीकरणका लागि विचार गर्नुपर्ने ।

यो आलेखले मानव बेचबिखन अपराधको अनुसन्धानका लागि सुपुर्दगीको बारेमा कस्तो व्यवस्था गरेको छ ?

बहुराष्ट्रिय सङ्गठित अपराध विरुद्धको संयुक्त राष्ट्र संघीय महासन्धि अन्तर्गत मानव बेचबिखन, खास गरी महिला र बालबालिकाको बेचबिखन तथा ओसारपसारको रोकथाम, दमन तथा सजाय गर्ने सम्बन्धमा व्यवस्था भएको पूरक आलेख अर्थात पालेर्मो प्रोटोकलको धारा ११ उपधारा ५ मा सुपुर्दगीको बारेमा प्रावधान उल्लेख भएको छ । उक्त प्रावधानमा पालेर्मो प्रोटोकलको प्रत्येक राज्य पक्षले यस आलेख बमोजिम परिभाषित कसुर गर्ने कार्यमा संलग्न रहेको व्यक्तिलाई आफ्नो कानुनबमोजिम प्रवेश अनुमति दिन अस्वीकार गर्ने वा प्रवेश निषेध गर्ने वा भिसा रद्द गर्ने गरी उपायहरू अपनाउन विचार गर्नेछ भनी सुपुर्दगी सम्बन्धी व्यवस्था रहेको छ ।

यो आलेखले मानव बेचबिखनका प्रभावित तथा साक्षीको सुरक्षाको बारेमा कस्तो व्यवस्था गरेको छ ?

बहुराष्ट्रिय सङ्गठित अपराध विरुद्धको संयुक्त राष्ट्र संघीय महासन्धि अन्तर्गत मानव बेचबिखन, खास गरी महिला र बालबालिकाको बेचबिखन तथा ओसारपसारको रोकथाम, दमन तथा सजाय गर्ने सम्बन्धमा व्यवस्था भएको पूरक आलेखको धारा ६ नितान्त मानव बेचबिखन तथा ओसापसारका पीडितलाई प्रदान गरिने सहायता तथा निजहरूको संरक्षणको लागि राखिएको छ । पालेर्मो प्रोटोकलमा मानव बेचबिखन तथा ओसारपसारबाट प्रभावित तथा साक्षीको सुरक्षाको लागि गरिएको व्यवस्थाहरू निम्न बमोजिम रहेका छन् :

- प्रत्येक राज्य पक्षले आफ्नो आन्तरिक कानुनबमोजिम उपयुक्त भएको अवस्थामा र सम्भव भएसम्म अन्य कुराको अतिरिक्त मानव बेचबिखन तथा ओसारपसारसँग सम्बन्धित कानुनी कारवाहीहरू गोप्य बनाई त्यस्तो बेचबिखन तथा ओसारपसारका पीडितहरूको गोपनियता र परिचयको संरक्षण गर्ने,
- प्रत्येक राज्य पक्षले आफ्नो कानुनी वा प्रशासनिक प्रणालीमा मानव बेचबिखन तथा ओसारपसारका पीडितहरूलाई संरक्षण प्रदान गर्ने ।
- प्रत्येक राज्य पक्षले मानव बेचबिखन तथा ओसारपसारका पीडितहरूलाई सम्बन्धित अदालती तथा प्रशासकीय कारवाहीहरूको जानकारी प्रदान गर्ने ।

- प्रत्येक राज्य पक्षले मानव बेचबिखन तथा ओसारपसारका पीडितहरूलाई प्रतिरक्षाको अधिकारमा प्रतिकूल प्रभाव नपर्ने गरी निजहरूको बिचार र सरोकारलाई कसुरदार विरुद्धको फौजदारी कारवाहीको उपयुक्त चरणमा प्रस्तुत गराउन र विचार गर्न समर्थ बनाउन सहायता प्रदान गर्ने ।
- प्रत्येक राज्य पक्षले उपयुक्त भएको अवस्थामा गैरसरकारी संस्था, अन्य सम्बद्ध संस्था र नागरिक समाजका विभिन्न पक्षहरूसँगको सहयोगमा मानव बेचबिखन तथा ओसारपसारका पीडितहरूका लागि भौतिक, मनोवैज्ञानिक तथा सामाजिक पुनर्स्थापना प्रदान गर्ने ।
- प्रत्येक राज्य पक्षले भौतिक, मनोवैज्ञानिक तथा सामाजिक पुनर्स्थापना प्रदान गर्ने व्यवस्था अन्तर्गत आवासको उपयुक्त व्यवस्था मिलाउने, परामर्श सेवा र खास गरी मानव बेचबिखन र ओसारपसारका पीडितले बुझ्न सक्ने भाषामा निजहरूको कानुनी अधिकार सम्बन्धी जानकारी गराउने, चिकित्सकीय, मनोवैज्ञानिक तथा भौतिक सहायता उपलब्ध गराउने र रोजगारी, शिक्षा र तालीमका अवसरहरू प्रदान गर्ने ।
- प्रत्येक राज्य पक्षले यस धाराको प्रावधानलाई कार्यान्वयन गर्दा मानव बेचबिखन तथा ओसारपसारका पीडितहरूको उमेर, लिङ्ग र विशेष आवश्यकता र खासगरी बालबालिकाहरूका उपयुक्त आवास, शिक्षा र हेरचाह लगायतका आवश्यकतालाई ध्यान दिनुपर्ने ।
- प्रत्येक राज्य पक्षहरू मानव बेचबिखन तथा ओसारपसारका पीडित आफ्नो भू-भागभित्र रहँदा निजहरूलाई भौतिक सुरक्षा प्रदान गर्ने ।
- प्रत्येक राज्य पक्षले आफ्नो आन्तरिक कानुनी प्रणालीमा मानव बेचबिखन तथा ओसारपसारका पीडितहरूलाई निजहरूले भोगेको क्षति वापत क्षतिपूर्ति प्राप्त गर्ने सम्भावना रहने विषय सुनिश्चित गर्ने ।
- पालेर्मो प्रोटोकलको धारा ९ उपधारा १ ले मानव बेचबिखन तथा ओसारपसारबाट पीडित र खास गरी महिला तथा बालबालिकालाई पुनः पीडित हुने कामबाट संरक्षण गर्न राज्य पक्षहरूले बृहत्त नीति, कार्यक्रम तथा अन्य उपायहरूको व्यवस्था गर्नुपर्ने विषयमा जोड दिएको छ ।

पालेर्मो प्रोटोकलको एउटा मुख्य उद्देश्य बेचबिखन तथा ओसारपसारबाट पीडित भएकाहरूको मानव अधिकारको सम्मान र संरक्षण गर्ने साथै, सहायता प्रदान गर्ने रहेको अवस्थामा प्रोटोकलले बेचबिखन तथा ओसारपसार पीडितको संरक्षणलाई गम्भिरतापूर्वक लिएको देखिन्छ ।

***

भाग
३

आलेख अनुकूल नेपालको कानुन संशोधनका लागि वकालतका सवालहरू

नेपालले सङ्गठित अपराध विरुद्धको महासन्धि र मानव बेचबिखन विरुद्धको पूरक आलेखलाई अनुमोदन गरिसकेको अवस्थामा नेपालको मानव बेचबिखन विरुद्धको कानुनमा के कस्तो सुधार गर्नुपर्ने देखिन्छ ?

- नेपालको मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ तथा नियमावलीमा पार्लेमो प्रोटोकलसँग अनुकूल हुनेगरी मानव बेचबिखन तथा ओसारपसारको परिभाषालाई संशोधन गर्नुपर्ने ।
- मानव बेचबिखन तथा ओसारपसारका प्रभावितलाई प्रदान गरिने सहायता तथा निजहरूको संरक्षणको व्यवस्था अन्तर्गत रहेका सम्पूर्ण प्रावधानहरू मानव बेचबिखन तथा ओसारपसार ऐनमा समेत उल्लेख गर्नुपर्ने ।
- गन्तव्य देशमा मानव बेचबिखन तथा ओसारपसारका पीडितको हैसियत सम्बन्धी पार्लेमो प्रोटोकलमा उल्लेखित प्रावधानहरू नेपालको मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐनमा उल्लेख गर्नुपर्ने ।
- मानव बेचबिखन तथा ओसारपसारका पीडितको पहिचान, उद्धार र फिर्तीका निमित्त छुट्टै कार्यविधिको व्यवस्थापन गर्नुपर्ने ।
- बहुराष्ट्रिय सङ्गठित अपराध विरुद्धको संयुक्त राष्ट्र संघीय महासन्धि अन्तर्गत मानव बेचबिखन, खास गरी महिला र बालबालिकाको बेचबिखन तथा ओसारपसारको रोकथाम, दमन तथा सजाय गर्ने सम्बन्धमा व्यवस्था भएको पूरक आलेखले शोषणको परिभाषा अन्तर्गत राखेको जबरजस्ती श्रम, दासता वा दासता सरहको अभ्यास वा बाँधा बनाउने जस्तो व्यवस्था नेपालको ऐनमा राख्नको निमित्त श्रम ऐन, अध्यागमन ऐन र वैदेशिक रोजगार ऐनमा समेत संशोधन गर्नुपर्ने ।
- नेपालमा विदेशीको बेचबिखन तथा ओसारपसार, नेपालमा ल्याइसकेपछि पनि एक ठाउँबाट अर्को ठाँउमा ओसारपसार गर्ने, स्थानान्तरण गर्ने, भर्ती गर्ने र आश्रय दिने कार्यलाई ऐनले सम्बोधन गर्नुपर्ने ।
- पुनर्स्थापना कोष स्थापनामा प्रदेश सरकार तथा स्थानीय तहबीच सहकार्य गर्नुपर्ने ।
- पीडितले भोगेको शारीरिक, मानसिक क्षति तथा त्यसबाट सिर्जित आर्थिक सामाजिक, सांस्कृतिक तथा राजनीतिक क्षतिको मूल्याङ्कन गरी तथा बालबालिकाको हकमा उनीहरूले गुमाएको बालापन तथा उनीहरूको उच्चतम हितलाई ध्यानमा राखी राज्यले क्षतिपूर्ति सहितको परिपूरण र न्यूनतम मापदण्ड बनाउनु पर्ने । साथै, पीडितको पहिचानको अधिकारको सुनिश्चितता गर्नुपर्ने ।
- सडकमार्ग प्रयोग गरी अन्तराष्ट्रिय सीमाना वारपार गर्ने व्यक्तिको सूचना राख्नुपर्ने लगायतका कार्य गर्नुपर्ने ।

यस आलेखको प्रभावकारी कार्यान्वयन किन आवश्यक छ ?

पालेर्मो प्रोटोकलको प्रभावकारी कार्यान्वयनले विभिन्न राज्य पक्षहरूको समन्वय र सहयोगमा मानव बेचबिखन तथा ओसारपसार जस्तो गम्भिर अपराधको रोकथाम तथा प्रतिरोधको वातावरण सृजना गर्दछ । साथै यस प्रोटोकलले बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावित भएकाहरूको मानव अधिकारको सम्मान गर्दै निजहरूको संरक्षणलाई प्राथमिकता दिने भएकाले यो प्रोटोकलको कार्यान्वयन अत्यावश्यक छ ।

यसको प्रभावकारी कार्यान्वयनका लागि सरकारी निकायको भूमिका के हुन्छ ?

पालेर्मो प्रोटोकलको प्रभावकारी कार्यान्वयनको लागि सरकारी सरोकारवालको भूमिका निम्न बमोजिम रहेको छ :

- पालेर्मो प्रोटोकल बमोजिम मानव बेचबिखनसँग सम्बन्धित कानुनहरूको संशोधन तथा परिमार्जन गर्ने ।
- सङ्गठित रुपमा संचालित हुने अपराध भएको हुँदा खुला सीमानाको प्रयोग गरी हुने मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण, नागरिक शिक्षाको जानकारीमूलक कार्यक्रम, रोजगारीको सृजना, शीपमूलक विशेष तालिमको व्यवस्था गरी दिगो समाधान खोज्ने ।
- पारस्परिक कानुनी सहायताको लागि धेरैभन्दा धेरै राज्यहरूसँग दुई पक्षीय सन्धि/सम्झौता गर्ने ।
- अनुसन्धानलाई दक्ष, प्रभावकारी र प्रविधिमैत्री बनाई साधन स्रोत सम्पन्न तुल्याई अभियोजनलाई व्यवस्थित गर्ने ।
- सामाजिक संस्कारमा सुधार गर्ने, मानव अधिकारको सचेतना अभिवृद्धि गर्ने, पीडितको न्यायिक प्रकृयामा सहज पहुँच स्थापना गर्ने, पीडित मैत्री अनुसन्धान र न्याय प्रणालीको विकास गर्ने ।
- अनुसन्धान, अभियोजन र फैसला कार्यान्वयन गर्ने निकाय बीच आपसी सहयोग र समन्वयलाई थप प्रभावकारी बनाउने ।
- कानुनी प्रणालीमा सरलीकरण, पीडित राहतकोष व्यवस्था, सर्वोच्च अदालतका निर्देशनात्मक आदेशको पालना, साक्षीको भ्रमण भत्ता, सुरक्षा र संरक्षण, प्रभावितको सामाजिकीकरण र सम्मानयुक्त वातावरणको सृजना गर्ने ।
- प्रमाण, तथ्य र कानुनी व्यवस्थाको आधारमा वस्तुगत र यथार्थ अभियोजन गर्ने पद्धति विकास गर्ने ।
- राष्ट्रिय मानव अधिकार आयोगबाट प्रकाशित हुने मानव बेचबिखन सम्बन्धी राष्ट्रिय प्रतिवेदनमा उल्लेखित सिफारिसको प्रभावकारी कार्यान्वयन गर्ने ।
- संघीय संरचना अन्तर्गत खासगरी प्रदेश र स्थानीय तहलाई पालेर्मो प्रोटोकलको अवधारणा र अपराधको गाम्भिर्यता, परिभाषाका विस्तारित तत्वहरू तथा कार्यान्वयन

संरचना सम्बन्धमा सचेतनामूलक अभियान, तालिम, आवश्यक कार्यविधिगत निर्देशिका निर्माण र कानुनी सेवा समेत प्रदान गर्नुपर्ने ।

- संघ, प्रदेश र स्थानीय तीनै तहमा मानव बेचबिखन विरुद्धका आवश्यक नीति तथा कार्यक्रम निर्माण गरी बजेटको व्यवस्था गर्नुपर्ने ।
- राष्ट्रिय र प्रदेश तहमा मानव बेचबिखनको अवस्था सम्बन्धि बार्षिक प्रतिवेदन प्रकाशन गर्नुपर्ने तथा अध्ययन अनुसन्धान गर्नुपर्ने ।
- मानव बेचबिखनसंग अन्तरसम्बन्धित बैदेशिक रोजगार ऐन, श्रम ऐन, बालबालिका सम्बन्धी ऐन लगायतका ऐनहरूको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने ।
- UNTOC Reviw Mechanism मा सहभागी हुने ।
- अवधारणागत स्पष्टता र क्षमता अभिवृद्धि गर्ने ।
- सीमा व्यवस्थापन तथा निगरानी गर्ने ।

यसको प्रभावकारी कार्यान्वयनका लागि संघसंस्था लगायतका सरोकारवालाको भूमिका के हुन्छ ?

गैरसरकारी संस्थाहरूले देशभर मानव बेचबिखन तथा ओसारपसारबाट प्रभावितहरूको अधिकारको सुनिश्चितता र कानुनी उपचारमा सहयोग पुऱ्याई न्यायमा पहुँच दिलाउन कानुनी सहायता लगायत विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएका छन् । यसै प्रसंगमा बहुराष्ट्रिय सङ्गठित अपराध विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि अन्तर्गत मानव बेचबिखन, खास गरी महिला र बालबालिकाको बेचबिखन तथा ओसारपसारको रोकथाम, दमन तथा सजाय गर्ने सम्बन्धमा व्यवस्था भएको पूरक आलेखको कार्यान्वयनको लागि सरोकारवाला संघसंस्थाको भूमिकालाई निम्न बमोजिमका बुँदाहरूमा उल्लेख गर्न सकिन्छ :

- मानव बेचबिखन तथा ओसारपसारको परम्परागत स्वरुपमा मात्र केन्द्रित नभई नयाँ प्रकृति र स्वरुपको मानव बेचबिखन तथा ओसारपसारको पहिचान, रोकथाम र त्यसबाट प्रभावित भएकाहरूको संरक्षणमा विशेष ध्यान दिने ।
- मानव बेचबिखन तथा ओसारपसारको कारण र रोकथामका उपायका सम्बन्धमा आधारभूत अध्ययन-सर्वेक्षण गर्ने ।
- घटना र पीडित/प्रभावितको मुद्दा उठान र तथ्यांक खासगरी खण्डीकृत तथ्यांक संकलनमा सहयोग र समन्वय गर्ने ।
- सामुदायिक सुरक्षा प्रणालीको निरन्तरता र प्रभावकारितामा बृद्धि दिने ।
- सञ्चारमाध्यमसँग समन्वय गरी घटनाका पीडित/प्रभावितको गोपनीयता, सम्मान, मर्यादा र अन्य विषयमा संवेदनशीलता अपनाउनका लागि पहल गर्ने ।
- पालेर्मो प्रोटोकलका प्रावधानहरूको सम्बर्द्धन गर्ने ।
- राज्यको भूमिकामा सहयोग, समन्वय र सहजीकरण गर्ने ।
- अन्तर्राष्ट्रिय साझेदारीका लागि सहजीकरण गर्ने ।

यसको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारको तर्फबाट थप के कस्तो संयन्त्र र व्यवस्था गर्नुपर्ने हुन्छ ?

- पालेर्मो प्रोटोकलको प्रभावकारी कार्यान्वयनमा नेपाल प्रहरीको निकै ठूलो भूमिका रहन्छ र नेपाल प्रहरी भित्र पनि मानव बेचबिखन विरुद्धको व्युरो (Anti-Trafficking Bureau) को अझै महत्वपूर्ण भूमिका रहन्छ । तसर्थ प्रोटोकलको प्रभावकारी कार्यान्वयनको लागि मानव बेचबिखन विरुद्धको ब्यूरोलाई पालेर्मो प्रोटोकलको बारेमा थप क्षमता अभिवृद्धि, विस्तार तथा स्रोत विनियोजन गर्ने ।
- मानव बेचबिखन तथा ओसारपसारको मुद्दाहरू पनि फास्ट-ट्रयाक कोर्टबाट हेरिनुपर्छ ।
- मानव बेचबिखन तथा ओसारपसारका पीडितहरूको उद्धारको निमित्त विशेष कार्यविधिको विकास गर्नुपर्ने देखिन्छ ।
- प्रोटोकलको प्रभावकारी कार्यान्वयनको निमित्त अन्य देशको प्रहरीसँग पनि संयुक्त अनुसन्धान गर्नुपर्ने हुन्छ । तसर्थ नेपालमा संयुक्त अनुसन्धानको निमित्त निर्देशिका वा कार्यविधिको विकास गर्नुपर्ने ।
- घरेलु हिंसाको निमित्त One Stop Crisis Management Center (OCMC) रहेको जसरी मानव बेचबिखन तथा ओसारपसारका पीडितहरूको उद्धार पश्चात निजहरूको स्वास्थ्य सेवा, कानुनी सेवा र अन्य आवश्यक सेवाको लागि पनि OCMC जस्तै संयन्त्रको विकास गर्ने ।
- मानव बेचबिखनबाट पीडित/प्रभावित तथा जोखिम अवस्थामा रहेका व्यक्तिहरूको पहिचान कार्यविधि तर्जुमा तथा कार्यान्वयन गर्ने ।
- घरेलु कामदारहरूको हक अधिकार संरक्षण गर्ने तथा वैदेशिक रोजगारीमा घरेलु श्रममा जाने नेपाली नागरिकहरूको संरक्षण तथा सहायताका लागि आइएलओ महासन्धि १८९ र सबै प्रकारका हिंसा र दुर्व्यवहार सम्बन्धी आइएलओ महासन्धि १९०, भूमि, समुन्द्र र हवाई मार्गबाट हुनसक्ने आप्रवासीहरूको तस्करी विरुद्धको पूरक आलेखको अनुमोदन गर्न प्रक्रिया अगाडि बढाउने ।
- नागरिकलाई मानव बेचबिखनमा पर्न नदिनका लागि जोखिमयुक्त क्षेत्रको पहिचान, त्यस्ता क्षेत्रमा जनचेतना जागृत गर्ने लगायतका संरक्षणका कार्यक्रम सञ्चालन तथा जोखिममा परेकाको उद्धार, संरक्षण, जीविकोपार्जन, पारिवारिक पुनर्मिलन, सामाजिक पुनर्एकीकरण तथा प्रभावितलाई न्याय दिलाउनका लागि वृहत्त कार्यक्रम बनाई कार्यान्वयन गर्ने ।
- मानव बेचबिखन विरुद्धको अभियानमा सरकार, नागरिक समाज, गैरसरकारी क्षेत्र, निजी क्षेत्र बिच प्रभावकारी सहकार्यको नमूना पहिचान गरी कार्यान्वयनमा ल्याउने ।
- अभिभावक वैदेशिक रोजगार (भारत लगायतका मुलुकहरू) मा रहेका, अभिभावकहरूले छाडेका तथा पारिवारिक बेमेलबाट पीडित भएका बालबालिका

मानव बेचबिखनको उच्च जोखिम अवस्थामा हुँदा तिनको संरक्षणको बृहत्त योजना बनाई कार्यान्वयनमा ल्याउने ।

- मनोरन्जन क्षेत्र लगायत आन्तरिक बेचविखन तथा ओसारपसारसँग जोडिएका घटनाहरूको विवरण राखी मनोरञ्जन क्षेत्रको अनुगमन संयन्त्रको निर्माण गर्ने तथा मानव बेचबिखनबाट पीडित/प्रभावितहरूलाई दीर्घकालीन आश्रय तथा संरक्षण प्रदान गर्ने ।
- मानव बेचबिखनसँग सम्बन्धित विषयको खण्डिकृत तथा एकीकृत तथ्यांक तथा जानकारी नियमित रुपमा अध्यावधिक गर्ने प्रणाली विकास गर्ने ।
- प्रदेश सरकारले प्रदेशस्तरीय मानव बेचबिखनको अवस्थाको पहिचान गरी त्यसको रोकथाम गर्न कार्ययोजना बनाई कार्यान्वयन गर्ने र मानव बेचबिखन पीडित/प्रभावित व्यक्तिको जीविकोपार्जनमा सहयोग गर्न परिचालन गर्न सक्ने कोष स्थापना तथा विविध सहयोग कार्यक्रम सञ्चालन गर्ने ।
- मानव बेचबिखनमा परेका व्यक्तिको पुनःस्थापनाका लागि अल्पकालीन तथा दिर्घकालीन पुनःस्थापना केन्द्रहरू सञ्चालन गर्ने ।
- स्थानीय सरकारले आफ्नो स्थानीय तहमा मानव बेचबिखनको जोखिम अवस्थामा रहेका व्यक्ति र बसाइसराइ गरिरहेका व्यक्ति र बेचबिखनमा परेका व्यक्तिको अध्यावधिक विवरण राख्ने प्रणाली विकास गर्ने र रोकथामकालागि कार्यक्रम तथा पीडित/प्रभावितको संरक्षण गर्ने ।

United Nations Convention against Transnational Organized Crime (UNTOC) Review Mechanism के हो र यसको प्रयोग कसरी गर्न सकिन्छ ?

UNTOC Review Mechanism लाई एक सहकर्मी समीक्षा प्रकृयाको रुपमा लिन सकिन्छ र उक्त प्रकृयाले महासन्धि र आलेखको अनुमोदन गरेका राष्ट्रहरूलाई महासन्धि र आलेखको कार्यान्वयन गर्न सहयोग गर्दछ, प्राविधिक सहायताका लागि विशेष आवश्यकताहरू पहिचान गर्न सहयोग गर्दछ र अन्तर्राष्ट्रिय समन्वयको सम्बर्द्धन गर्दछ ।

सन् २०१८ को १५ देखि १९ अक्टोवरसम्म चलेको बहुराष्ट्रिय सङ्गठित अपराध विरुद्धको महासन्धिका पक्ष राष्ट्रहरूको सम्मेलनले प्रस्ताव नम्बर ९/१ पारित गरी यो समीक्षा संयन्त्र निर्माण गरेको हो ।[१८]

UNTOC को कार्यान्वयनको समीक्षा दुई प्रकारले हुने गर्दछ । सामान्य समीक्षा, जस अनुरुप महासन्धिको कार्यान्वयनको समीक्षा राज्य पक्षहरूको सम्मेलनको पूर्ण बैठकमा गरिन्छ । राष्ट्रको समीक्षाको लागि अध्ययन र छलफलमा आधारित भई कार्य समूहको विशेषज्ञता अनुसार उक्त कार्य समूहमा समीक्षा गरिन्छ ।

18 *https://www.unodc.org/unodc/en/organized-crime/intro/review-mechanism-untoc/home.html*

सामान्य समीक्षा UNTOC को सचिवालयबाट तयार भएको अध्ययनको आधारमा हुन्छ र तयार भएको प्रतिवेदनको आधारमा राज्य पक्षहरूको सम्मेलनको पूर्ण बैठकमा छलफल समेत हुन्छ ।

राष्ट्रको समीक्षा गर्दा राष्ट्रले अनुमोदन गरेको आलेखको आधारमा एउटै क्षेत्रीय समुदायबाट र अर्को फरक समूहबाट राष्ट्रको समीक्षा गरिन्छ । राज्य पक्षहरूलाई चिट्ठा निकालेर तीनवटा समूहमा विभाजन गरी तीन वर्षमा समीक्षा गर्ने व्यवस्था मिलाइएको हुन्छ । महासन्धि र आलेखका सबै प्रावधानहरूलाई ४ वटा विषयगत क्लस्टरमा विभाजन गरिएको छ र चारवटा उपकरणहरू (Tools) को समीक्षा प्रकृयालाई पनि तदनुसार प्रत्येक दुई वर्षको चार चरणहरूमा विभाजन गरिन्छ ।

समीक्षा प्रकृयाको प्रत्येक चरणमा अझ चार चरणहरू रहेको हुन्छ :

१) सर्वप्रथम समीक्षा अन्तर्गत रहेको देशले, समीक्षा शुरु भएको छ महिना भित्र, समीक्षा अन्तर्गत विषयगत विशिष्टीकृत समूहको कार्यान्वयनमा आत्म-मूल्याकंन प्रश्नावली पूरा गर्नेछ ।

२) अन्य राज्य पक्षहरूद्वारा उक्त राज्यले पूरा गरेको आत्म-मूल्याकंन प्रश्नावलीको समीक्षा गरी उक्त राज्यको सफलता र चुनौतीहरू उल्लेख गरी उक्त राज्यलाई लिखित प्रतिकृया प्रदान गर्दछन् । अरु राज्य पक्षले उक्त राज्यको आत्म-मूल्याकंन प्रश्नावली प्राप्त गरेको ६ महिना भित्र दिनुपर्नेछ र केही कुरा नबुझेमा सो राज्यलाई फेरि पठाउनुपर्ने हुन्छ ।

३) समीक्षा प्रकृयाको अन्तिम चरणमा, प्रत्येक समीक्षा गर्ने राज्यले समीक्षाधीन राज्यसँगको सहकार्यता र सचिवालयको सहयोगमा, उक्त महासन्धि र प्रोटोकलको कार्यान्वयनमा रहेको कमी र चुनौतीहरू, राम्रा अभ्यासहरू, सुझावहरू र आवश्यक प्राविधिक सहायता पनि उल्लेख गर्नुपर्ने हुन्छ। जानकारी स्व-मूल्यांकन प्रश्नावलीमा समीक्षा अन्तर्गत राज्यले उपलब्ध गराएको जानकारी र त्यस पछि राज्यहरूको बिचको संवादमा आधारित हुनेछ। पर्यवेक्षणको सूचीहरू विषयगत सान्दर्भिकताका आधारमा राज्य पक्षहरूको सम्मेलनका कार्य समूहहरू (प्राविधिक सहायता, अन्तर्राष्ट्रिय सहयोग, मानव बेचबिखन, आप्रवासी र बन्दुकको तस्करी) सँग साझेदारी गरिन्छ ।

४) अन्त्यमा, तयार भएको सूचीको सारांश बनाई १५०० शब्दमा तयार गरी संयुक्त राष्ट्र संघको ६ वटा आधिकारिक भाषामा अनुवाद गरिन्छ र सबै राज्य पक्षको सम्मेलनमा र कार्य समूहलाई उपलब्ध गराइन्छ ।

बहुराष्ट्रिय सङ्गठित अपराध विरुद्दको महासन्धिका अन्य पूरक आलेखहरू मानव बेचबिखनको विषयवस्तुसँग कसरी सम्बन्धित छन् ?

आप्रवासी तस्करी विरुद्धको आलेख र हातहतियारको अवैध उत्पादन तथा ओसारपसार विरुद्धको आलेख र पालेर्मो प्रोटोकललाई अन्तरदेशीय सङ्गठित अपराध विरुद्धको संयुक्त राष्ट्र संघीय महासन्धिको तीनवटा खम्बाको रुपमा लिन सकिन्छ । आप्रवासी तस्करी विरुद्धको आलेख मानव बेचबिखन तथा ओसारपसारको परिप्रेक्ष्यमा प्रत्यक्ष लागू नभएतापनि कुनै कुनै सन्दर्भमा मानव तस्करी, मानव बेचबिखन तथा ओसारपसारमा परिणत हुनसक्ने अवस्था रहन्छ र सो सन्दर्भमा अन्तरदेशीय सङ्गठित अपराध विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको मानव बेचबिखन, खास गरी महिला र बालबालिकाको बेचबिखन तथा ओसारपसारको रोकथाम, दमन तथा सजाय गर्ने सम्बन्धमा व्यवस्था भएको पूरक आलेख नै लागु हुन्छ । साथै मानव बेचबिखन तथा ओसारपसारको विषयमा लागु हुने पारस्परिक सहायता, सपुर्दगी र संयुक्त अनुसन्धान जस्तो व्यवस्थाहरू आप्रवासी तस्करी विरुद्धको आलेख र हातहतियारको अवैध उत्पादन तथा ओसारपसार विरुद्धको आलेखमा पनि लागु हुन्छ । मानव तस्करी मानव बेचबिखनमा परिणत हुनसक्ने र मानव तस्करी तथा मानव बेचबिखनबाट कमाएको सम्पत्ति हातहतियारको तस्करीमा प्रयोग हुनसक्ने भएकोले यि तिनै आलेखलाई अनुमोदन गरी एकीकृत रुपमा सङ्गठित अपराध विरुद्ध लड्न जरुरी छ ।

***

सन्दर्भ सामाग्री

- अन्तर्देशीय सङ्गठित अपराध सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि, २००० र यसका आलेखहरू
- बहुराष्ट्रिय सङ्गठित अपराध विरुद्धको संयुक्त राष्ट्र संघीय महासन्धि अन्तर्गत मानव बेचबिखन, खासगरि महिला र बालबालिकाको बेचबिखन तथा ओसारपसारको रोकथाम, दमन तथा सजाय गर्ने सम्बन्धमा व्यवस्था भएको पूरक आलेखको नेपाली अनुवाद, नेपाल सरकार, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, कानुन किताब व्यवस्था समिति, बबर महल, काठमाडौं, २०७६/०३/२५
- सङ्गठित अपराध निवारण ऐन, २०७०
- *Definition of key terms used in the UN Treaty Collection, available at: https://treaties.un.org/Pages/Overview.aspx¿path=overview/definition/page1_en.xml*
- *https://treaties.un.org/pages/ViewDetails.aspx¿src=TREATY&mtdsg_no=XVIII-12-a&chapter=18&clang=_en*
- *https://www.unodc.org/documents/treaties/UNTOC/Publications/TOC%20Convention/TOCebook-e.pdf*
- *https://www.unodc.org/unodc/en/organized-crime/intro/UNTOC.html*
- *Organized Crime, https://www.interpol.int/en/Crimes/Organized-crime*
- *Resolution 9/1 Establishment of the Mechanism for the Review of the Implementation of the United Nations Convention against Transnational Organized Crime and the Protocols thereto https://www.unodc.org/documents/treaties/UNTOC/Review%20Mechanism/Resolution/English.pdf*

पालेर्मो प्रोटोकल अनुमोदनका लागि एटविनको यात्राका केहि झलकहरू

पालेर्मो प्रोटोकल अनुमोदनका लागि एटविनको यात्राका केहि झलकहरू

पालेर्मो प्रोटोकल अनुमोदनका लागि एटविनको यात्राका केहि झलकहरू